# नेपालगंज उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

नेपालगंज, बाँके
लुम्बिनी प्रदेश, नेपाल

**प्राकृतिक जलाशयमा मत्स्यपालन कार्यक्रममा सहभागी हुन इच्छुक अनुदानग्राहीको लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना।**

प्रथम पटक सूचना प्रकाशित मितिः२०८१।०१।२१

नेपालगञ्ज उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय नेपालगञ्ज बाँकेको आ.व.२०८०।०८१ को प्रदेश सरकारको सशर्त तर्फको स्वीकृत वार्षिक अनुसार "स्थानीय तहमा वित्तिय हस्तान्तरित कृषि तथा पशुपंक्षी विकास कार्यक्रम सञ्चालन कार्यविधि २०८०" बमोजिम **प्राकृतिक जलाशयमा मत्स्यपालन** कार्यक्रममा सहभागि हुन इच्छुक आवेदकले सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस कार्यालयमा तपसिलको कागजातहरु सहित निवेदन पेश गर्नहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव साथ पेश गर्नुपर्ने निवेदनको ढाँचा,व्यावसायिक योजना,संलग्न गर्नुपर्ने कागजात,सञ्चालन कार्यविधि यस कार्यालयको सूचनापाटी/वेवसाईट www.nepalgunjmun.gov.np बाट प्राप्त गर्न सकिनेछ। थप जानकारीका लागि कार्यालयको पशुसेवा शाखामा सम्पर्क गर्न सकिन्छ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल

| क्र. सं. | कार्यक्रमको नाम | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | न्यूनतम मापदण्ड | कार्यक्रम सञ्चालन हुने क्षेत्र वा स्थान | अनुदानको सिमा |
|---|---|---|---|---|---|
| १ | प्राकृतिक जलाशयमा मत्स्यपालन | -प्राकृतिक जलाशयको गहिराई,डिल,प्रवेश/निकास द्धार मर्मत सुधार र सरसफाई<br>-माछाको भुरा खरिद र आकस्मिक उपचार,<br>-एरेटर र फिडर खरिद<br>-तथ्याङ्क अभिलेखीकरण र रिपोर्टिङ्ग। | -स्थानीय तहको मातहतमा रहेका प्राकृतिक जलाशयहरु(घोल/ताल,सिमसार) हुनुपर्ने।<br>-न्यूनतम जलाशयको क्षेत्रफल १० हेक्टर र गहिराई १.५ मिटर हुनुपर्ने।<br>- मत्स्यपालन गरिरहेको वा स्तरोन्नति गरि व्यावसायिक मत्स्यपालनको शुरुवात गर्ने योजना भएको हुनपर्ने। | नेपालगञ्ज उप-महानगरपालिका क्षेत्र भित्र। | -कुल लागतको अधिकतम ७५ प्रतिशत<br>- प्रति हेक्टर जलाश्य अधिकतम रु १ लाख। |

**आवश्यक संलग्न कागजातहरु**

१) प्रस्तावको निवेदन ।(अनुसूची ३५ बमोजिम)
२) दर्ता/नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि(समुह/निजि फर्म/कम्पनी/सहकारी)
३) स्थायी लेखा नम्बर प्रमाणपत्र तथा गत आ.व. को करचुक्ता प्रमाण-पत्रको प्रतिलिपि।
४) कृषक तथा कृषक समुहको हकमा स्थायी लेखा नम्बर,प्रमाणपत्रको प्रतिलिपि।
५) कार्यक्रम सञ्चालनको लागि व्यावसायिक कार्ययोजा सहितको प्रस्ताव(कार्यक्रमको प्रकृति अनुसार ) अनुसूची-३८ बमोजिम।
६) सम्बन्धीत वडाको सिफारिस पत्र।
७) प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि।
८) प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि।
९) निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा।
१०) धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा १० वर्ष वा तोकिएको अवधिको करार पत्र।

आवेदकहरुले निवेदन र संक्षिप्त कार्ययोजनाको ढाँचा तथा कार्यक्रम सञ्चालन कार्यविधि यस कार्यालयको वेबसाईटबाट डाउनलोड गर्न वा कार्यालयबाट प्राप्त गर्न सकिनेछ। थप जानकारीका लागि पशुसेवा शाखामा सम्पर्क गर्नहुन अनुरोध छ।

राजन कुमार के. सी.
लेखा अधिकृत (सातौं तह)

**बोधार्थ**
श्री सूचना प्रविधि शाखाः कार्यालयको वेबसाईटमा राखिदिनुहुन।

अच्युत गौतम
प.स्वा.प्रा.

**नोट : पत्राचार गर्दा पत्रसंख्या अनिवार्य रुपमा उल्लेख गर्नुहोला, धन्यवाद।**
**वेभसाईटः www.nepalgunjmun.gov.np**

CamScanner